नेपाल नागरिक उड्डयन प्राधिकरण

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको विमानस्थल परिसर क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति :- २०७२/११/२४)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर क्षेत्रबाट निष्काशित हुने फोहरमैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नको लागि इच्छुक योग्य फर्म/कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रही रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ ।

१. प्रस्ताव खरिदको लागि सम्बन्धित सेवा प्रदान गर्नेगरी नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त फर्म/कम्पनिहरुले त्रि.अ.वि.स्थित राष्ट्रिय वाणिज्य बैंक, गौचर शाखामा रहेको खाता नं. ५८ मा रु.१०००।- (एक हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछि फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice) को सक्कल प्रतिसाथ फर्म/कम्पनि रजिष्ट्रेशन प्रमाणपत्र र मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको अध्यावधिक प्रतिलिपि समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र यस कार्यालयको प्रशासन महाशाखाबाट खरिद गरी १६ (सोह्र) औं दिनको दिउँसो १२:०० बजे भित्र यस कार्यालयको प्रशासन महाशाखामा सिलवन्दी प्रस्ताव दर्ता गर्नुपर्नेछ ।
२. प्रस्ताव खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव खरिद तथा दर्ता गर्न सकिनेछ ।
३. दर्ता हुन आएका प्रस्तावहरु दाखिला गर्ने अन्तिम दिनको दिउँसो २:०० बजे यस कार्यालयमा प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।
४. प्रस्तावका साथ राष्ट्रिय बाणिज्य बैंक, गौचर स्थित यस कार्यालयको धरौटि खाता नं. ७० मा जम्मा गरेको रु ५०,०००।- (पचास हजार) को सक्कल बैंक भौचर वा सो रकम वरावरको मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधी भएको बैंक जमानी पत्र (Bid Bond) पेश गर्नुपर्नेछ । स्वीकृत प्रस्तावदाताले धरौटी वापत कार्यालयले माग गरे बमोजिमको रकम उक्त खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट सम्झौता समाप्त हुने मिति भन्दा कम्तिमा ३ (तीन) महिना अवधि पछि सम्म मान्य हुने गरी जारी भएको Performance Bond पेश गरी सम्झौता गर्नुपर्नेछ ।
५. शर्त सहितको प्रस्ताव मान्य हुने छैन ।
६. प्रस्तावदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
७. प्रदान गर्नुपर्ने सेवाको अवधि १ (एक) वर्षको हुनेछ अन्य विस्तृत विवरण शिलबन्दी प्रस्तावमा उल्लेख गरिए बमोजिम हुनेछ ।
८. रित नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
९. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. यसमा परेका कुराहरु यसै वमोजिम र नपरेका कुराहरु शिलबन्दी प्रस्ताव तथा प्रचलित ऐन र नियममा उल्लेख भए अनुसार हुनेछ ।
११. यस सम्बन्धी विषयमा थप बुझ्नु परेमा कार्यालय समयमा प्रशासन महाशाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।